# लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण (लैसअसास) नीति, २०८२

## कार्यान्वयनका लागि पाँच वर्षे विस्तृत कार्ययोजना

## २०८२/०८३ - २०८६/०८७

*नगरकार्यपालिकाबाट पारित मितिः- २०८२/१२/२५*

## नगराईन नगरपालिका

## धनुषा

CamScanner

## संक्षिप्त शब्दावली

CMC - Community Mental Health Center

DBA- District Bar Association

GESI- Gender Equality and Social Inclusion

ILO- International Labour Organization

ICPD- Internation Conference on Pupulation and Development

NJA- National Judicial Academy

NHRC- National Human Rights Commission

NWC- National Women Commission

OCMC - One Stop Crisis Management Center (एकद्वार संकट व्यवस्थापन केन्द्र)

SBA,- Skilled Birth Attendants

SAS - Safe Abortion Service

UNFPA- United Nations Fund for Population

UNICEF- United Nations Children's Fund

जेडसी - लैङ्गिक समानता,अंपगता तथा सामाजिक समावेशीकरण (Gender equality, disability and social inclusion)

लैसाअसस - लैङ्गिक समानता,अंपगता तथा सामाजिक समावेशीकरण

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८२ कार्यान्वयनको पाँच वर्षे विस्तृत कार्ययोजना २०८२/८३ - २०८६/८७**

**विषयसूची**


१ कार्ययोजनाको उद्देश्य १

२ कार्ययोजनाको औचित्यता १

३ कार्ययोजना तयारी विधी तथा प्रक्रिया २

४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८२ कार्यान्वयनको पाँच वर्षे विस्तृत कार्ययोजना २०८२/८३ - २०८६/८७ ६- ३०


CamScanner

## लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण (लैसअसास) नीति, २०८२ कार्यान्वयनको पाँच वर्षे विस्तृत कार्ययोजना २०८२/८३ - २०८६/८७

लैसअसास नीति २०८२, लाई व्यवस्थित तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई व्यावहारिक रुपमा आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्न **"नगराईन नगरपालिकाको लैंङ्गिक समानता अपांगता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८२ को कार्यान्वयनको लागि पाँच वर्षे विस्तृत कार्ययोजना** तर्जुमा गरी आज मिति २०८२।१२।२५मा जारी गरेको छ

**१ उद्देश्य :**

लैसअसास नीति २०८२ को कार्यान्वयन बिस्तृत कार्ययोजना तयार गर्नुको प्रमुख उद्देश्य नीतिको प्रभावकारी रुपमा कार्यान्वयन गरी लैससास उत्तरदायी स्थानीय सरकारको विकास गर्ने ।

**२ औचित्यता :** लैसअसास नीति कार्यान्वयनको पाँच वर्षे बिस्तृत कार्ययोजनाको औचित्यता देहाय अनुसार रहेको छ

क) नीतिको प्रभावकारी, व्यवस्थित, निरन्तर तथा योजनावद्ध रुपमा कार्यान्वयन गर्नुका साथै कार्यान्वयनमा एकरुपता कायम गर्न

ख) लैसअसास नीतिले लैसअसास कायम गर्न गर्दै आएका सकारात्मक प्रयासलाई निरन्तरता दिँदै लैससास उत्तरदायी बजेट तथा योजना विस्तारित गर्न

ग) कार्यान्वयन प्रक्रिया बढी सहभागितामूलक बनाउन, सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन, सेवा प्रवाहलाई लैङ्गिक, समावेशी र बिपन्न एवं लक्षित वर्गप्रति बढी जवाफदेही बनाउन,

घ) कार्यक्रम विषयान्तर हुनबाट बचाउन र लक्षित वर्ग तथा समुदायको आवश्यकता अनुरुप सही समयमा सही कार्यक्रम सही विधिवाट सञ्चालन गर्न मार्गदर्शनको रुपमा प्रयोग गर्न

ङ) सेवा तथा उत्पादनमूलक कार्यमा लैङ्गिक मूलप्रवाहीकरण गर्न विभिन्न सकारात्मक उपायका व्यवस्था गर्न र क्रियाकलापमा दोहोरोपन हुन बाट बचाउन कार्यक्रमअनुसार वजेट विनियोजन गर्न सहजीकरण गर्न,

च) कार्यक्रमको प्रगति अनुगमन तथा विश्लेषण गर्न र स्रोत साधनको सही सदुपयोग गर्न ।

**३ कार्ययोजना तयारी विधि तथा प्रक्रिया :** यो लैसअसास नीति २०८२ को कार्यान्वयनको लागि बिस्तृत कार्ययोजना तयार गर्ने क्रममा यस नगरपालिकाको पदाधिकारी, कर्मचारी तथा सरोकारवाला निकायहरुको सल्लाह सुझाव अनुसार सहभागितामूलक विधि अपनाई देहायका प्रक्रियाद्वारा सूचना तथा जानकारी संकलन गर्ने काम गरेको थियो ।

**कानूनी दस्तावेज तथा प्रतिवेदनहरुको अध्ययन विश्लेषण :** कार्ययोजना तयार गर्नु भन्दा अगाडि मानब अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज, नेपालको संविधान, संघीय तथा प्रदेश सरकारबाट निर्मित विभिन्न

सुधिर कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

नीति नियम तथा कार्यक्रमहरुका साथै स्थानीय सरकारबाट निर्मित नीति नियम र वार्षिक कार्यक्रमहरुको प्रतिवेदन, वार्षिक नीति कार्यक्रम तथा वजेटको अध्ययन गरी लैससासको अवधारणाबाट विश्लेषण गरेको थियो ।

**पूर्व परामर्श वैठक:** नीति नियम तथा कार्यक्रमको प्रतिवेदन अध्ययनको आधारमा केन्द्रित भई प्रश्नावलीहरु तयार गरी प्रत्येक पालिकाका जनप्रतिनिधिहरु, कर्मचारीका साथै पालिकामा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधि, शिक्षकलगायत विभिन्न सरोकारवाला संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा पूर्व परामर्श वैठक बसेको थियो । उक्त परामर्श वैठकमा पालिकमा विद्यमान लैससास सम्बन्धी समस्या, सम्बोधन गर्नुपर्ने विषयवस्तु, चुनौती तथा अवसरको बारेमा छलफल भएको थियो । लैससास नीति कार्यान्वयन विस्तृत कार्ययोजनाको महत्व, उद्देश्य तथा समावेश गर्नुपर्ने क्रियाकलापहरुको बारेमा विस्तृत रुपमा छलफल गरी कार्ययोजना कस्तो हुनुपर्छ भन्ने बारेमा धारणा तथा सुझावसमेत संकलन गरेको थियो ।

**बिस्तृत कार्ययोजनाको मस्यौदा तयारी:** कानूनी दस्तावेजहरुको अध्ययन र पूर्व परामर्श वैठकका साथै प्रमुख प्रशासकीय अधिकृत तथा लैङ्गिक सम्पर्क व्यक्ति र अन्य सरोकारवालाहरुसँग गरिएको छलफलबाट आएको सुझावको आधारमा मस्यौदा कार्ययोजना तयार गरी नगरपालिकाको पदाधिकारी तथा सरोकारवालाहरुको अध्ययनको लागि उपलब्ध गराएको थियो ।

**मस्यौदा कार्ययोजनाको प्रस्तुति, छलफल र पृष्ठपोषण संकलन : मस्यौदा कार्ययोजनाको तयारी पश्चात पुनः** कार्ययोजना प्रस्तुतिको लागि परामर्श गोष्ठीको आयोजना गरेको थियो । मस्यौदा कार्ययोजनाको तयारी गर्ने परामर्शदाताहरुबाट कार्ययोजना विस्तृत रुपमा प्रस्तुत गरे पश्चात् सहभागीहरुबिच व्यापक रुपमा छलफल भई थप सुधार तथा परिमार्जन गर्नुपर्ने विषयमा बुँदागत रुपमा सुझावहरु उपलब्ध गराएको थियो । उपलब्ध सुझावहरुलाई आवश्यकतानुसार थपघट गरी मस्यौदा कार्ययोजनालाई अन्तिप रुप दिने काम भएको थियो ।

**बिस्तृत कार्ययोजना अन्तिम र पेश :** मस्यौदा कार्ययोजनामा यस नगरपालिकाका पदाधिकारी तथा सम्बन्धित कर्मचारीहरुसँग गरिएको परामर्श तथा छलफलबाट आएको सुझावलाई समावेश गरी यो अन्तिम बिस्तृत कार्ययोजना तयार गरेको छ ।

सुधिर कुमार शाह
प्रमुख प्रशासकीय अधिकृत



CS CamScanner

## लैङ्गिक समानता अपांगता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८२ कार्यान्वयनको पाँच वर्षे विस्तृत कार्ययोजना

### २०८२/८३ - २०८६/८७

नीति १: नगराईन नगरपालिकाका नीति, कानून, योजना तथा कार्यक्रम लैङ्गि उत्तरदायी तथा समावेशीमैत्री बनाउने,

| क.सं | रणनीति | कार्यक्रम / क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | वजेट | | समय २०८१/८२ - २०८५/८६ | प्रगति सुचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक | वाह्य | | |
| १. | विद्यमान नीति, कानून, मापदण्ड, कार्यविधि पुनरावलोकन गरी लैसअसासमैत्री बनाउने र आवश्यकतानुसार नयाँ नीति तर्जुमा गर्ने | • विद्यमान स्वास्थ्य, शिक्षा, कृषि तथा रोजगार सम्वन्धी र अन्य सेवा प्रवाह कानूनी व्यवस्थाहरुको पुनरावलोकन गरी लैससास नीति अनुरुप लैङ्गिकमैत्री वनाउने | महिला तथा लक्षित वर्ग<br>सेवाग्राही | नगरपालिका लैससास शाखा | कानून तथा लैससास विज्ञ | √ | | ६ महिना भित्र | विद्यमान नीति तथा कानूनी व्यवस्थाहरु लैङ्गिकमैत्री रुपमा परिमार्जन भएको |
| | | • वार्षिक नीति कार्यक्रम तथा वजेट लैससास उत्तरदायी तथा जवाफदेही बनाउने | महिला तथा लक्षित वर्ग | नगरपालिका | | √ | | प्रत्येक वर्ष | वार्षिक नीति कार्यक्रम तथा बजेट लैसअसासमैत्री भएको |
| | | • नगरपालिकाबाट सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरु लैसअसास अवधारणा अनुरुप एकीकृत गर्न लैसअसास एकिकृत तथा मूलप्रवाहीकरण निर्देशिका तयार गर्ने | लक्षित वर्ग सहकार्य संस्थाहरु | नगरपालिका लैससास शाखा | | √ | √ | ३ महिना भित्र | लैसअसास एकीकृत तथा मूलप्रवाहीकरण निर्देशिका तर्जुमा भएको |
| | | • महिलाको आर्थिक सशक्तिकरण नीति बनाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने | महिला | नगरपालिका आर्थिक तथा व्यावसायिक विकास शाखा | ILO<br>UNFPA | √ | √ | ६ महिना भित्र | आर्थिक सशक्तिकरण नीति तर्जुमा भएको |
| | | महिला केन्द्रित लगानी प्रवर्धनका लागि सार्वजनिक तथा निजी साझेदारीता सम्वन्धी कार्यविधि निर्माण गर्ने | महिला | नगरपालिका | सार्वजनिक तथा निजी साझेदारिता | √ | | एक वर्ष भित्र निरन्तर | कार्यविधि तर्जुमा तथा कार्यान्वयन |
| | | • नगरपालिका स्तरमा परिवारमा कोहि नभएका महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुका लागि एकीकृत स्याहार नीति तथा रणनीति निर्माण गरी कार्यान्वयन गर्ने | महिला तथा लक्षित वर्ग | नगरपालिका लैससास शाखा | ILO | √ | √ | ६ महिना भित्र | एकीकृत स्याहार नीति तथा रणनीति तजूमा भएको |

नगराईन नगरपालिका नगर कार्यपालिकाको कार्यालय नगराईन, धनुषा मधेश प्रदेश, नेपाल

सुधिर कुमार साह प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जेष्ठ नागरिक तथा एकल महिलाहरुलाई देहाय अनुसारको सामाजिक सुरक्षाका व्यवस्थाहरु सहज उपलब्धताको लागि स्थानीय सहजीकरण कार्यविधि तर्जुमा गर्ने<br>• सामाजिक सुरक्षा तथा भत्ता,<br>• स्वास्थ्य सेवा तथा उपचार,<br>• आवास तथा आश्रय व्यवस्था,<br>• हिंसा तथा दुर्व्यवहारबाट सुरक्षा तथा संरक्षण र<br>• यातायात सेवामा छुट<br>• मनोसामजिक परामर्श तथा सहयोग | एकल महिला तथा जेष्ठ नागरिक | नगरपालिका लैससास शाखा स्वास्थय तथा सामाजिक सुरक्षा शाखा | प्रदेश सरकार समावेशी आयोग यस क्षेत्रमा कार्यरत संघसंस्था | √ | | ६ महिना भित्र निरन्तर | एकल महिला तथा जेष्ठ नागरिक स्थानीय सहजीकरण कार्यविधि तर्जुमा भएको |
| | | •अपाङ्गता भएको व्यक्तिहरुलाई शिक्षाको पहुँच सुनिश्चित गर्न अपाङ्गमैत्री स्थानीय शिक्षा नीति तर्जुमा गरी प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने | अपाँगता भएका व्यक्ति | नगरपालिका | UNICEF पाठ्यक्रम विकास शाखा संघ, स्थानीय | √ | √ | एक वर्ष भित्र निरन्तर | अपाङ्गमैत्री स्थानीयत शिक्षा नीति<br>कार्यान्वयन कार्ययोजना तयार भएको |
| | | • विपद् संवेदनशील एवं समावेशीमूलक सामाजिक सुरक्षा कार्यविधि निर्माण गर्ने | विपद प्रभावित व्यक्ति | नगरपालिका वन वातावरणीय सरसफाइ तथा विपद व्यवस्थापन उपशाखा | | √ | | १ महिना भित्र | कार्यविधि निर्माण भएको |
| २. | महिलाको यौन तथा प्रजनन स्वास्थ्य तथा प्रजनन स्वायताको अधिकार सुनिश्चित गर्न नीतिगत तथा कार्यगत पहल गर्ने। | स्वास्थ्य संस्थामा आधारित प्रसूति सेवा, सुरक्षित गर्भपतन सेवा तथा पाठेघर खस्ने समस्या सम्बन्धी प्रजनन स्वास्थ्य सेवा र गर्भनिरोधक साधनको जानकारी सहितको छनौटको अधिकार र सेवाको पहुँच वृद्धिको लागि पालिकास्तरीय प्रजनन स्वास्थ्य सेवा कार्यविधि तर्जुमा गरी लागु गर्ने, | दलित, मुस्लिम, अपाङ्गता भएका महिला, आर्थिक विपन्न तथा पछाडि पारिएका महिला | नगरपालिका स्वास्थ्य तथा सामाजिक सुरक्षा शाखा | UNFPA स्वास्थ्य सेवा विभाग संघ | √ | √ | २ महिना भित्र | • प्रजनन स्वास्थ्य सेवा कार्यविधि निर्माण तथा लागु भएको<br>• सेवाको पहुँच सहज भएको<br>• सेवाग्राहीको संख्या वृद्धि भएको |
| | | • कार्यस्थलमा स्तनपान कक्ष, बालस्याहार कक्ष, गर्भवती आराम कक्षसहितको प्रजनन स्वास्थ्यमैत्री भौतिक संरचना निर्माणका लागि मापदण्ड तर्जुमा गर्ने, | प्रजनन स्वास्थ्य सेवाग्राही बालबालिका | नगरपालिका पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | UNFPA स्वास्थ्य मन्त्रालय संघ | √ | | ३ महिना भित्र | प्रजनन स्वास्थ्यमैत्री भौतिक संरचनाको विकास भएको |

नगर कार्यपालिकाको कार्यालय

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • यौन तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी (महिनावारी भेदभाव, गर्भपतन तथा गर्भनिरोधक साधनको प्रयोग र यौन शिक्षा सम्बन्धी लाञ्छना) किशोर किशोरी, शिक्षक तथा अभिभावकहरुको सचेतना अभियानहरु चलाउने, | किशोर किशोरी, शिक्षक तथा अभिभावक | नगरपालिका स्वास्थ्य तथा सामाजिक सुरक्षा शाखा लैससास शाखा | UNFPA यस क्षेत्रमा कार्यरत स्थानीय संघसस्था | √ | √ | ६ महिना भित्र निरन्तर | आपतकालीन प्रजनन स्वास्थ्य सेवा कोष सञ्चालन कार्यविधि निर्माण भएको र कोषको स्थापना भएको |
| | | • प्रभावकारी तथा आपतकालीन प्रजनन स्वास्थ्य सेवा कोष स्थापना गरी सञ्चालन कार्यविधि तर्जुमा गरी लागु गर्ने । | प्रजनन स्वास्थ्य सेवा आवश्यक भएको महिला | नगरपालिका लैससास शाखा | UNFPA यस क्षेत्रमा कार्यरत स्थानीय संघसस्था | √ | | ६ महिना भित्र निरन्तर | आपतकालीन प्रजनन स्वास्थ्य सेवालिने महिलाको संख्या |
| ३. | लैङ्गिक हिंसा शून्य नमुना नगरपालिका निर्माणको लागि आवश्यक नीति नियम, संरचना, कार्यक्रमहरु र वजेट व्यवस्थापन गर्ने । | • "महिलाको जीवनको सम्मान लैङ्गिक हिंसा विरुद्धको अभियान" नारासहित लैङ्गिकतामा आधारित हिंसा उन्मूलनको लागि पाँच वर्षे कार्ययोजना वनाई प्रभावकारी रुपमा लागु गर्ने,<br>• लैङ्गिक हिंसा शून्य नमुना नगरपालिका निर्माणको तयारी गर्ने,<br>• लैङ्गिक हिंसा र यसबाट परिवार तथा सामाजिक विकासमा पारेको असरको बारेमा अध्ययन अनुसन्धान गर्ने र परिवार तथा समुदायमा जानकारी दिने,<br>• मानव बेचबिखन विरुद्धको कानूनी अधिकार सचेतना सामग्री तयार गरी वडा मार्फत प्रचार प्रसार गर्ने<br>• घरेलु हिंसा, दहेजको कारणले हुने हिंसा, हानिकारक सामाजिक अभ्यासका कारण हुने हिंसा, प्रजनन स्वास्थ्यसँग सम्बन्धित हिंसा, जवरजस्ती करणी सम्बन्धी हिंसा अन्त्यका लागि किशोर किशोरी, शिक्षक र परिवारका पुरुष सदस्यहरुलाई सचेतना जगाउने | हिंसा जोखिम तथा प्रभावित महिला, पुरुष र यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिका /अभिवावक | नगरपालिका लैससास शाखा | म.बा.जे.ना म संघ<br>प्रदेश सरकार<br>राष्ट्रिय महिला आयोग<br>UNFPA<br>UNWOMEN<br>गैसस | √ | √ | एक वर्ष भित्र निरन्तर चार पाँच वर्षसम्म | • लैङ्गिक हिंसा उन्मूलन सम्बन्धी पाँच वर्षे कार्ययोजना तर्जुमा<br>• लैङ्गिक हिंसा क्रमश: घटेको<br>• अध्ययन प्रतिवेदन<br>• कानूनी अधिकार सचेतना सामग्री तयार |
| | | • कार्यस्थलमा हुने हिंसा तथा यौन दुर्व्यवहार उन्मूलनका लागि आचार संहिता वनाई पालिकामा लागु गर्ने र यस पालिका अन्तर्गतका सार्वजनिक तथा निजी कार्यालयहरुमा आचार संहिता वनाई लागु गराउन पहल गर्ने, | कर्मचारी विद्यालय | नगरपालिका लैससास शाखा | विषय विशेषज्ञ | √ | | ६ महिना भित्र | • आचार संहिता तर्जुमा भएको<br>• आचार संहिता बनाई लागु गर्ने संघसंस्थाहरुको संख्या वृद्धि भएको |
| | | • लैङ्गिक हिंसा निवारण तथा सेवागृह कोष सञ्चालन निर्देशिका जारी गर्ने, | हिंसा प्रभावित व्यक्ति | नगरपालिका लैससास शाखा | विषय विशेषज्ञ | √ | | ३ महिना भित्र | • लैङ्गिक हिंसा उन्मूलन सम्बन्धी क्षेत्रगत कानून निर्माण भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • लैङ्गिक हिंसा, भेदभाव र शोषण सम्बोधनका लागि गुनासो व्यवस्थापन प्रणालीको स्थापना र सञ्चालन गर्ने | हिंसा प्रभावित महिला | नगरपालिका | | √ | | ६ महिना भित्र निरन्तर | प्रणालीको स्थापना र सञ्चालन भएको |
| | | • सुरक्षित आवास गृह तथा पुनर्स्थापना केन्द्रको सञ्चालन स्थानीय निर्देशिका (मानव अधिकारमुखी अवधारणासहित) तयार गरी लागु गर्ने गराउन पहल गर्ने | हिंसा प्रभावित महिला तथा बालबालिका | नगरपालिका | प्रदेश सरकार | √ | | ६ महिना भित्र | • स्थानीय निर्देशिकाको जारी भएको |
| | | • पालिका तथा वडास्तरमा हिंसा प्रभावित व्यक्तिहरुको लागि मनोसामाजिक परामर्श सेवा निर्देशिका तयार गरी लागु गर्ने | मनोसामाजिक परामर्श आवश्यक भएका व्यक्ति | नगरपालिका स्वास्थ्य तथा सामाजिक सुरक्षा शाखा | CMC यस क्षेत्रमा कार्यरत स्थानीय संघ संस्था | √ | √ | १ महिना भित्र | • मनोसामाजिक परामर्श सेवा निर्देशिका तर्जुमा |
| | | महिला केन्द्रित लगानी प्रवर्धनका लागि सार्वजनिक तथा निजी साझेदारितासम्बन्धी कार्यविधि निर्माण गर्ने | महिला | नगरपालिका उद्यम विकास शाखा रोजगार | सार्वजनिक तथा निजी साझेदारीता | √ | | एक वर्ष भित्र निरन्तर | कार्यविधि तर्जुमा तथा कार्यान्वयन |
| | | • एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सेवा गृह, महिला प्रहरी सेल, मेलमिलापकेन्द्र तथा मनोसामाजिक परामर्श सेवाको गुणस्तरीयता कायम गर्न बहुपक्षीय दृष्टिकोणबाट छलफल गर्ने, समन्वय र सहकार्य गर्ने<br>• उक्त सेवासम्बन्धी निकायहरुको बारेमा विभिन्न माध्यम मार्फत स्थानीय भाषाहरुमा समुदायमा सचेतना जगाउने र सचेतना सामग्री तयार वडा कार्यालय मार्फत प्रचार प्रसार | हिंसा प्रभावित तथा जोखिम महिला तथा अन्य लक्षित वर्ग | नगरपालिका वडा कार्यालय स्वास्थ्य तथा सामाजिक सुरक्षा शाखा<br>लैससास शाखा | UNFPA UNICEF महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय संघ | √ | √ | | • हिंसा प्रभावितहरुको पुनर्स्थापना, न्याय तथा मनोसामाजिक परामर्श सेवा सहज उपलब्ध भएको<br>• लैङ्गिकमैत्री सेवा प्रवाहमा गुणस्तरीयता वृद्धि भएको<br>• सचेतना सामग्री<br>• सेवाको संख्या वृद्धि भएको |
| ४. | लैसअसासमैत्री भौतिक, स्रोत साधनको विकास गर्न कानून, निर्देशिका तथा मापदण्डहरु तयार गरी लागु गर्ने । | • यस नगरपालिकाको भौतिक संरचनाहरु लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा जेष्ठ नागरिकमैत्री बनाउनका लागि भौतिक संरचना मापदण्ड निर्माण गरी लागु गर्ने, | लक्षित वर्ग | नगरपालिका लैससास शाखा | लैससास क्षेत्रमा कार्यरत संस्था | √ | | दुई वर्ष भित्र | • लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक संरचना |



CamScanner

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | • सेवा प्रदायक सरकारी तथा गैर सरकारी संस्थाहरु (प्रहरी कार्यालय, स्वास्थ्य चौकी, अस्पताल, सेवा गृह, OCMC, विद्यालय, बैंक आदि) को भौतिक संरचना अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बनाउन सम्बन्धित निकायसँग छलफल गर्ने र | लक्षित वर्ग तथा समुदाय विद्यार्थी सेवाग्राही | नगरपालिका | प्रदेश सरकार सम्बन्धित संस्थाहरु CMC नीजि बैंक स्थानीय विद्यालय | √ | √ | ६महिना भित्र निरन्तर | लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक संरचना |
| | | पालिका तथा पालिका क्षेत्रभित्रका कार्यस्थलमा स्तनपान कक्ष, शिशुस्याहार कक्ष, गर्भवती आराम कक्षको व्यवस्था गर्ने र गराउन पहल गर्ने | गर्भवती तथा स्तनपान गराइने महिला बालबालिका | नगरपालिका स्वास्थ्य तथा सामाजिक सुरक्षा शाखा | | √ | | ६ महिना भित्र | गर्भवती आराम, स्तनपान तथा शिशु स्याहार कक्षको निर्माण भएको |
| | | • बहुउद्देश्यीय वृद्ध स्याहार हबहरू स्थापना/विस्तार गर्ने | जेष्ठ नागरिक | नगरपालिका सम्बन्धित संस्थाहरु | UNICEF | √ | | ३ महिना भित्र | वृद्ध स्याहार हबहरूहरु स्थापना भएको |
| | | • नगरपालिकाभित्र लैससास सम्पर्क व्यक्ति तयार गर्ने क्षमता अभिवृद्धि गर्ने | नागरपालिका कर्मचारी लक्षित वर्ग | नगरपालिका लैससास शाखा | | √ | | ३ महिना भित्र | सम्पर्क व्यक्तिको व्यवस्था भएको लैससासमैत्री सेवामा गुणस्तरीयता वृद्धि भएको |
| ५. | नगरपालिकाबाट सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरु लैसअसास अवधारणाअनुरुप गुणस्तरीयता कायम गर्न आवश्यक पहल गर्ने | • नगरपालिका, अन्य गैरसकारी, निजी क्षेत्र तथा दातृ निकायहरुबाट सञ्चालित कार्यक्रमहरुमा लैससास विषय एकीकृत तथा मूलप्रवाहीकरण गर्ने सम्बन्धी कार्यपालिकिय निर्णय गरी मापदण्ड तयार गर्ने र सो बारे औपचारिक रुपमा सबै सरोकारवालाहरुलाई जानकारी दिने | नगरपालिका कर्मचारी | नगरपालिका लैससास शाखा | नगरपालिका भित्रका विभिन्न शाखा तथा उपशाखाहरु | √ | | ६ महिना भित्र | कार्यपालिकीय निर्णय लैससास एकीकृत तथा मूलप्रवाहीकरण मापदण्ड निर्माण भएको |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • नगरपालिकाबाट सञ्चालन गर्ने कार्यक्रमहरुमा लैङ्गिक समानता, समावेशिता, स्रोत तथा बजेटको विनियोजन, कार्यक्रमको प्रभावकारिता तथा क्षमता विकासका साथै अनुगमन तथा मूल्याङ्कन प्रक्रिया लैससासमैत्री बनाउन प्रोत्साहन गर्ने | लक्षितवर्ग | नगरपालिका | गैसस, निजी क्षेत्र तथा दातृसंस्थाहरु | √ | | | अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन |

**नीति २: लैसअसासमैत्री संस्थागत संरचनाको विकास तथा विस्तार गर्ने।**

| क.सं | रणनीति | कार्यक्रम / क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | वजेट | | समय | प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक | वाह्य | | |
| १. | नगरपालिका तथा वडास्तरीय लैससास सम्बोधन संरचना निर्माण गर्ने | • नगरपालिकाभित्रको विद्यमान महिला बालबालिका तथा समाज कल्याण उपशाखालाई लैससास सम्पर्क व्यक्ति (GESI Focal Person) सहितको लैससास शाखाको रुपमा प्रवर्धन तथा स्थापना गर्ने,<br>• वडास्तरीय लैससास उपशाखा स्थापना गर्ने,<br>• लैससास नीति तथा कार्ययोजना अनुगमन तथा मूल्यांकन समिति गठन गर्ने, | महिला, लक्षित वर्ग | नगरपालिका | | √ | | दुई महिना भित्र | लैससास महाशाखा तथा शाखाको स्थापना |
| | | • वडास्तरीय अपाङ्गता अधिकार समिति गठन र परिचालन गर्ने, | अपाङ्गता भएका व्यक्ति तथा संस्था | नगरपालिका | अपाङ्गता भएका व्यक्तिको हकमा काम गर्ने स्थानीय संस्थाहरु | √ | | तीन महिना भित्र | अपाङ्गता अधिकार समिति गठनको संख्या |
| | | • सार्वजनिक स्थान तथा कार्यालयहरुमा महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकमैत्री शौचालयको निर्माण गर्ने | लक्षितवर्ग | नगरपालिका | निजी क्षेत्र<br>विद्यालय<br>स्वास्थ्य संस्था<br>वित्तिय कार्यालय | √ | √ | एक वर्ष भित्र | शौचालयको निर्माण र संख्या |
| | | महिला आर्थिक सशक्तिकरणका लागि वडास्तरीय कृषक तथा व्यावसायिक महिलाको नेतृत्वमा महिला आर्थिक सवलीकरण समूह निर्माण गरी परिचालन गरिने। | महिला | नगरपालिका लैससास शाखा | UNWOMEN<br>ILO<br>आर्थिक सशक्तिकरणको क्षेत्रमा काम गर्ने स्थानीय संस्था | √ | √ | एक वर्ष भित्र | समूह गठन भएको हुने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | लैङ्गिक हिंसा उन्मूलन तथा पीडित सहयोग संयन्त्रहरु निर्माण गर्ने | • वडा सदस्यको अगुवाइमा वडा लैङ्गिक हिंसा उन्मूलन समिति र समुदायमा महिला अभियन्ताको नेतृत्वमा महिला हिंसा निगरानी समूह गठन तथा पुन गठन गरी परिचालन गर्ने | जोखिम महिला तथा हिंसा प्रभावित महिला | नगरपालिका लैससास शाखा | लैङ्गिक हिंसा नियन्त्रण क्षेत्रमा कार्यरत स्थानीय संस्था विद्यमान निगरानी | √ | √ | ६ महिना भित्र | महिला हिंसा निगरानी समूह निर्माण |
| | | • हिंसा पीडित तथा उनमा आश्रित बालबालिकाको लागि अल्पकालीन तथा दीर्घकालीन सेवागृह तथा पुर्नस्थापना केन्द्रको स्थापना गर्ने तथा गराउन पहल गर्ने | हिंसा प्रभावित महिला तथा बालबालिका ९ | नगरपालिका लैससास शाखा | प्रदेश सरकार दातृसंस्था | √ | √ | एक वर्ष भित्र | सेवागृह तथा पुर्नस्थापना केन्द्रको स्थापना |
| | | • किशोर किशोरीहरु जाँचरक्सी सेवन, लागु औषध दुर्व्यसन तथा अन्य खराब आचरणबाट मुक्त गराई उत्कृष्ट तथा उर्जाशील नागरिकको रुपमा रुपान्तरण गर्न हरेक वडामा एक वडास्तरीय दुर्व्यशन मुक्ति किशोर किशोरी समूह गठन गर्ने। | किशोर किशोरी | नगरपालिका वडा कार्यालय लैससास शाखा | UNICEF किशोर किशोरीको क्षेत्रमा काम गर्ने स्थानीय संस्थाहरु | √ | | ६ महिना भित्र | प्रत्येक वडामा किशोर किशोरी दुर्व्यशन मुक्ति समूह गठन भएको |
| | | • स्थानीय तहमा सुशासन अभिवृद्धिको लागि गुनासो सुनुवाइ कक्षको स्थापना गर्ने र महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र जातीय भेदभावबाट प्रभावित दलित समुदायको गुनासोलाई प्राथमिकतामा राखी सम्बोधन गर्ने। | महिला, बालबालिका, जेष्ठ नागरिक,दलित तथा अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक | नगरपालिका लैससास शाखा | | √ | | एक महिना भित्र | गुनासो सुनुवाइ कक्षको स्थापना भएको |
| ३. | यस नगरपालिकामा लैससास सम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने। | • नगरपालिकाबाट उपलब्ध गराइने स्रोत साधन र सेवामा समुदायको पहुँच वृद्धि गर्न (स्थानीय भाषामा) एकद्वार डिजिटल सूचना शाखाको स्थापना गर्ने | समुदाय | नगरपालिका | | √ | | ३ महिना भित्र | एकद्वार डिजिटल सूचना शाखाको स्थापना भएको |
| | | बाल संरक्षण तथा बाल अधिकार सूचना व्यवस्थापन प्रणालीको स्थापना र सञ्चालन गर्ने। | बालबालिका | नगरपालिका लैससास शाखा | | √ | | ६ महिना निरन्तर | बाल संरक्षण तथा बाल अधिकार सूचना व्यवस्थापन प्रणालीको स्थापना भएको |
| | | • नगरपालिका तथा वडातहमा सेवाग्राही सहायता कक्षको स्थापना गर्ने | समुदाय | नगरपालिका वडा कार्यालय | | √ | | १ महिना भित्र | हरेक वडामा सेवाग्राही सहायता कक्षको स्थापना भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | बालअधिकार तथा संरक्षणका लागि संस्थागत संरचना तथा कार्यक्रमहरु सञ्चाल गर्ने | • पालिका, वडा तथा समुदायस्तरमा बालमैत्री स्थानीय शासन समिति गठन, पुनगठन तथा सञ्चालन गर्ने यसरी समूह गठन गर्दा समावेशिताको आधारमा गठन गर्ने । | विद्यालय जाने, नजाने, छोडेका, पीडित तथा असहाय बालिका, दलित, मुस्लिम, विपद पीडित जनजाति तथा बाल विवाहमा परेका बालिका | नगरपालिका वडा कार्यालय लैससास शाखा | UNICEF बालि अधिकारको क्षेत्रमा काम गर्ने स्थानीय संस्थाहरु | √ | √ | एक वर्ष भित्र | समिति गठन तथा पुनगठन भएको |
| | | • नगरपालिकामा बालमैत्री शासन पद्धतिको अवलम्बन तथा कार्यन्वयनका लागि बालमैत्री स्थानीय शासन कार्यविधि तर्जुमा गरी लागु गर्ने, | बालबालिका | नगरपालिका लैससास शाखा | UNICEF बालि अधिकारको क्षेत्रमा काम गर्ने स्थानीय संस्थाहरु | √ | √ | ६ महिना भित्र | बालमैत्री शासन कार्यविधि निर्माण भएको |
| | | बाल क्लबका प्रतिनिधिरुलाईसँग पालिकाको नीति, कार्यक्रम तथा बजेटमा सुझाव संकलन गर्ने । | बालबालिका | नगरपालिका वडा कार्यालय | | √ | | प्रत्येक वर्ष | बालबालिकाका सवाल तथा सुझाव संकलित । |
| | | हरेक वडामा बाल कल्याण अधिकारी नियुक्ति गर्ने । | हिंसा, शोषण तथा भेदभावबाट प्रभावित बालबालिका | नगरपालिका | | √ | | ६ महिना भित्र निरन्तर | बालबालिकालाई आवश्यक सेवा उपलब्ध भएको । |
| | | जोखिममा परेका बालबालिका तथा परिवारको पहिचान गरी आवश्यकतामा आधारित सहयोग (शिक्षा, स्वास्थ्य, सिप तथा व्यवसाय प्रवर्धन) गर्ने | जोखिममा परेका बालबालिका तथा परिवार | नगरपालिका लैससास शाखा शिक्षा शाखा | युनिसेफ, सिमान्तकृत बालबालिका तथा समुदायको लागि काम गर्ने गैसस | | | निरन्तर | जोखिममा परेका बालबालिका तथा परिवारलाई सहयोग उपलब्ध । |
| | | • नगरपालिकामा बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति नियुक्ति गर्ने, | बालबालिका तथा समुदाय | नगरपालिका लैससास शाखा | | √ | | ६ महिना भित्र | सम्पर्क व्यक्ति नियुक्ति गर्ने, |
| | | • बालविवाह उन्मूलनसम्बन्धी रणनीति बनाई लागु गर्ने<br>• बाल क्लब संचालन तथा व्यवस्थापन कार्यविधि तथा निर्देशिका निर्माण गर्ने, | बालबालिका | नगरपालिका | बाल अधिकारको क्षेत्रमा काम गर्ने स्थानीय संघसंस्था UNICEF | √ | √ | ६ महिना भित्र | रणनीति तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गरेको हुने<br>बालविवाहको संख्या क्रमश घट्दै गएको<br>उजुरीको संख्या बढेको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बालमैत्री स्थानीय समितिहरुमा लैङ्गिक समानता तथा समावेशीता सम्बन्धी क्षमता अभिवृद्धि गर्ने । | दलित, मुस्लिम तथा अपाङ्गता भएका बालबालिका | नगरपालिका<br>वडा कार्यालय | UNICEF<br>बाल अधिकारको क्षेत्रमा काम गर्ने स्थानीय संस्थाहरु | √ | √ | निरन्तर | लैङ्गिक समानता तथा समावेशी विषयमा सचेत भएको र समितिहरु समावेशीमुलक भएको |
| | | बाल हेल्पलाइन र अस्थाई आश्रय स्थलको स्थापना तथा सञ्चालन गर्ने | बालबालिका | नगरपालिका शिक्षा शाखा | | √ | | ६ महिना भित्र | बाल हेल्पलाइन र अस्थाई आश्रय स्थलको स्थापना |
| | | प्रारम्भिक बाल विकास (ECDs) एवं बहुउद्देश्यीय वृद्ध स्याहार हबहरू स्थापना/विस्तार गर्ने, | बालबालिका<br>जेष्ठ नागरिक | नगरपालिका | | √ | √ | ६ महिना भित्र | हबहरू स्थापना/विस्तार भएको |
| | | • बालकोषको स्थापना तथा सञ्चालन कार्यविधि तर्जुमा गर्ने<br>• बाल अधिकार संरक्षण तथा प्रवर्धन एकीकृत कार्यविधि निर्माण वा संसोधन तथा व्यबस्थापन गर्ने । | बालबालिका | नगरपालिका | | √ | | ६ महिना भित्र | बालकोषको स्थापना भएको सञ्चालन कार्यविधि जारी भएको<br>एकीकृत कार्यविधि निर्माण भएको |
| | | • बालअधिकार तथा बालमैत्री परिवार सम्बन्धमा अभिभावक, शिक्षकहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने, | बालबालिका, अभिभावक तथा शिक्षक | नगरपालिका लैससास शाखा | | √ | | निरन्तर | बालबालिकामैत्री परिवार तथा अभिभावकहरुको विकास भएको<br>बालबालिका विरुद्धको हिंसा कम भएको |
| ५. | लैङ्गिकमैत्री विपद् जोखिम सम्बोधन तथा व्यवस्थापना समिति निर्माण गर्ने | • प्राकृतिक तथा कृत्रिम विपद्पूर्व, अवधि र पश्चात् महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरुलाई पर्न सक्ने जोखिम, हिंसा तथा भेदभाव विरुद्ध सावधानी तथा तत्काल सम्बोधन गर्न विद्यमान विपद व्यवस्थापन स्थानिय समितिलाई सहयोग गर्ने गरी वडास्तरीय लैङ्गिकमैत्री विपद् व्यवस्थापन समिति गठन गर्ने । | विपद् जोखिम तथा विपद् प्रभावित लक्षित वर्ग | नगरपालिका लैससास शाखा | CDO | √ | | एक वर्ष भित्र | वडास्तरीय लैङ्गिकमैत्री विपद् व्यवस्थापन समिति |
| | | • विपद्को समयमा हुन सक्ने प्रजनन स्वास्थ्यसम्बन्धी समस्या र हिंसा सम्बोधनका लागि प्रजनन स्वास्थ्यमैत्री विपद् व्यवस्थापन स्थानीय कार्यविधि निर्माण गरी लागु गर्ने | महिला | नगरपालिका स्वास्थ्य शाखा सामाजिक सुरक्षा शाखा | UN Women<br>UNFPA<br>CDO office | √ | √ | ६ महिना भित्र | विपद् व्यवस्थापन स्थानीय कार्यविधि तर्जुमा भएको |
| नीति ३: महिला तथा लक्षित वर्गहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य अधिकारको संरक्षण, संवर्धन तथा सशक्तिकरण गर्ने, | | | | | | | | | |
| | रणनीति | कार्यक्रम / क्रियाकलाप | लक्षित सिमुदाय | | समन्वय/सहकार्य | वजेट | | समय | प्रगति |

सुधिर प्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत

| क.सं | | | | प्रमुख जिम्मेवारी | | आन्तरिक | वाह्य | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरु बारे सामाजिक सचेतना तथा अभियानहरु सञ्चलान गर्ने | मानव अधिकार सम्बन्धी सचेतना जगाउन देहायका दिवसहरुको अवसरमा देहायका कार्यक्रमहरु सञ्चाल गर्ने<br>• लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान चलाउने<br>• श्रम दिवस (May 1), अपाँगता दिवस मनाउने<br>• जातीय भेदभाव उन्मूलन दिवस (मार्च २१) मनाउने<br>• महामारीको समयमा यौन तथा प्रजनन स्वास्थ्य सुनिश्चितता दिवस (मार्च २८) सञ्चालन गर्ने<br>• मावन बेचबिन विरुद्ध किशोरी किशोरी अभियार सञ्चालन गर्ने<br>• युवाहरुबाट जातीय भेदभाव विरुद्ध सामाजिक अभियान तथा सडक नाटक प्रस्तुत गर्ने<br>• श्रमिक र रोजगारदाताहरुबिच सुरक्षित तथा मर्यादित श्रमको बारेमा अन्तरक्रिया कार्यक्रम,<br>• १६ दिन अभियानको बारेमा स्थानीय महिला तथा पुरुष समूहबाट सामाजिक अभियानहरु सञ्चालन गर्ने<br>• प्रजनन स्वास्थ्य अधिकारबारे परिवार संवाद कार्यक्रम सञ्चालन गर्ने<br>• स्कुल वाहिर तथा विद्यार्थीहरुसँग यौन दुर्व्यवहार तथा यौनजन्य हिंसाको बारेमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन<br>• अपाङ्गता भएका व्यक्तिहरुको मर्यादित जीवनको अधिकारको बारेमा पारिवारिक छलफल कार्यक्रम सञ्चालन गर्ने.<br>• मानव अधिकार र लैङ्गिक समानताको सम्बन्धमा विद्यालयमा अन्तक्रियां कार्यक्रमहरु सञ्चालन गर्ने | उल्लखित लक्षित समुदायहरु | नगरपालिका<br>शिक्षा शाखा<br>स्वास्थ्य शाखा<br>सामाजिक सुरक्षा शाखा<br>लैससास शाखा | , UN Women<br>UNFPA,<br>ILO,<br>UNICEF<br>NHRC<br>स्थानीय विद्यालय, स्थानीय संघसंस्था<br>निजी क्षेत्र<br>कामदार | √ | √ | प्रत्येक वर्ष विभिन्न दिवसको अवसरमा | • विभिन्न दिवसको अवसरमा कार्यक्रमहरु भएको<br>• सम्बन्धित स्थानीय सरोकारवाला निकायहरुको सहभागिता तथा प्रतिवद्धता<br>• कार्यक्रमको योजनागत विकास<br>• मानव अधिकार सम्बन्धी समाज सचेत भएको र मानव अधिकार उलंघनको विरुद्धको उजुरीको उजुरी वढेको |
| | | • बाल अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार र जातीय भेदभाव विरुद्धको अधिकार र उजुरी संयन्त्रको बारे वडागत तथा समुदायगत रुपमा किशोर किशोरी, आमा समूह, महिला स्वास्थ्य स्वयंमसेविकाहरुलाई सचेतना जगाउने | उल्लिखित क्षेत्रगत समूह | नगरपालिका | UN Women<br>UNFPA, ILO,<br>UNICEF,<br>NHRC<br>DBA<br>स्थानीय निजी | √ | √ | प्रत्येक वर्ष | • मानव अधिकारबारे सचेतना वृद्धि भएको<br>• लक्षित वर्ग विरुद्धको हिंसामा कमी आएको<br>• हिंसा विरुद्ध उजुरीको संख्यामा वृद्धि भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | महिला विकासको व्यवसायिक उद्यमी लागि क्षमता विकास तथा सहयोग गर्ने | • महिला आर्थिक प्रवर्द्धनका लागि महिला आर्थिक सवलीकरण समूहका सदस्यहरुलाई एक वडा एक उत्पादनको (कृषि तथा गैर कृषि) लागि परिचालन गर्न सिप विकास तथा व्यवसायमूलक कार्यक्रमहरुमा लगानी तथा सञ्चालन गर्ने<br>• हरेक वडामा उत्पादनको सम्भावना तथा महिलाको क्षमताको अध्ययन गर्ने र सो अनुसार पाँच वर्षे लगानीको योजना निर्माण गर्ने | महिला आर्थिक सवलीकरण समूह | नगरपालिका<br>वडा कार्यालय<br>उद्यम विकास शाखा<br>कृषि शाखा<br>लैससास शाखा | संघ सरकार<br>प्रदेश सरकार<br>यस क्षेत्रमा कार्यरत दातृ संसाथ<br>UN Women | √ | √ | ६ महिना भित्र | पाँच वर्षे लगानीको योजना तयारी भएको<br><br>उत्पादनको सामानहरु<br>सिप तथा व्यवसायमूलक तालिमको संख्या तथा लाभान्वितहरुको संख्या |
| | | महिला केन्द्रित लगानी प्रवर्धनका लागि सार्वजनिक तथा निजी साझेदारितासम्बन्धी कार्यविधि निर्माण गर्ने | महिला | नगरपालिका | सार्वजनिक तथा निजी साझैदारीता | √ | | एक वर्ष भित्र निरन्तर | कार्यविधि तर्जुमा तथा कार्यान्वयन |
| | | • महिलाहरुको व्यावसायिक क्षमता अभिवृद्धि गर्न लघुवित्त तथा सहकारी, बजार व्यवस्थापनका, Barganing Power र बैङ्गिग तथा वित्तीय साक्षरताको बारेमा सचेत गराउन आधारभूत कानूनी व्यवस्थासम्बन्धी तालिम गर्ने,<br><br>• दलित महिलाहरुको आर्थिक प्रवर्द्धनका लागि व्यावसयिक भेदभाव सम्बन्धमा क्षमता समाजमा सचेतना कार्यक्रम सञ्चालन गर्ने | महिला आर्थिक सवलीकरण समूह | नगरपालिका<br>वडा कार्यालय<br>उद्यम विकास शाखा<br>रोजगार शाखा | यस क्षेत्रमा कार्यरत दातृ तथा स्थानीय संस्थाहरु<br>प्रशासकिय तालिम केन्द्र<br>UN Women | √ | √ | १ वर्ष भित्र | सञ्चालन गरेको तालिमको संख्या तथा लाभान्वितहरुको संख्या |
| | | • संघ, प्रदेश तथा स्थानीय स्तरीय व्यापारी तथा उद्यमीहरुलाई महिलाले कृषिबाट उत्पादन गरेका सामानहरुको उद्योग तथा व्यवसायमा परिणत गर्न लागानीमा प्रोत्साहनका लागि सहकार्य गर्ने, | महिला आर्थिक सवलीकरण समूह | नगरपालिका<br>वडा कार्यालय<br>उद्यम विकास शाखा<br>रोजगार शाखा | संघ, प्रदेश सरकार<br>निजी व्यापारी, कम्पनी तथा उद्यमीहरु<br>स्थानीय सहकारी संस्थाहरु | √ | √ | १ वर्ष भित्र | उत्पादन तथा लगानीको परिणाम आर्थिक रुपमा महिलाहरु सशक्त भएको |
| | | • स्थानीय उत्पादनलाई उचित मूल्यसहितको वजार व्यवस्थापन गर्न र अनुगमन तथा मूल्यांकनको लागि समुदाय तथा नीजिक्षेत्रसँग समन्वय गरी प्रभावकारी व्यवस्थापन गर्ने, | महिला आर्थिक सवलीकरण समूह<br>स्थानीय समुदाय | नगरपालिका<br>वडा कार्यालय<br>उद्यम विकास शाखा<br>रोजगार शाखा<br>कृषि शाखा | निजी व्यापारी, कम्पनी तथा उद्यमीहरु<br>स्थानीय सहकारी संस्थाहरु | √ | √ | १ वर्ष भित्र | बजार व्यवस्थापन सम्बन्धी योजना महिलाहरुको उत्पादनले राम्रो तथा सही मूल्य पाएको |

नगर कार्यपालिकाको कार्यालय

सुधिर कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| • महिला आर्थिक सवलीकरण समूह तथा स्थानीय निजीक्षेत्र, व्यापारी र सहकारीबीच उत्पादन र लगानीको सम्भावना सम्बन्धमा अन्तक्रिया कार्यक्रम सञ्चालन गर्ने<br>• नेपालमा महिला आर्थिक प्रवर्द्धन सम्बन्धी सफल भएका क्षेत्र तथा समूहमा अवलोकन भ्रमण तथा अनुभव आदान प्रदान गराउने व्यवस्था मिलाउने | महिला आर्थिक सवलीकरण समूह , निजी क्षेत्र र सहकारी | नगरपालिका वडा कार्यालय उद्यम विकास शाखा रोजगार शाखा | निजी व्यापारी, कम्पनी तथा उद्यमीहरु स्थानीय सहकारी संस्थाहरु | √ | | १ वर्ष भित्र | अन्तरक्रिया कार्यक्रम सञ्चालन, सहभागी तथा निर्णयको अभिलेख<br>निजी तथा सहकारीहरुले गरेका लगानी वृद्धि भएको<br>अवलोकन भ्रमण र Replicate गरेको अभिलेख |
| • महिला, बालवालिका तथा अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अन्य लक्षित बर्गलाई सार्वजनिक वित्त व्यबस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने । | लक्षित समूह | नगरपालिका | वित्तीय निकायहरु | √ | √ | ३ महिना भित्र निरन्तर | अभिमुखीकरण कार्यक्रम सञ्चलान भएको |
| • महिला उद्यमशीलता विषयमा जानकारी र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना तथा सञ्चालन | महिला आर्थिक सवलीकरण समूह र समुदाय | नगरपालिका | प्रदेश सरकार | √ | √ | १ वर्ष भित्र | महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना भएको |
| • महिलाहरुलाई उद्यममा प्रवर्धन गर्न उद्योग दर्ता, लगानी तथा करमा सुविधा तथा सहुलियतको व्यवस्था गर्ने र गर्न समन्वयकारी भूमिका निभाउने | महिला आर्थिक सवलीकरण समूह तथा अन्य महिला | नगरपालिका | | √ | | ६ महिना भित्र | सुविधा तथा सहुलियतको निर्णय र कानूनमा परिमार्जन भएको |
| • अनौपचारिक श्रमिक र रोजगारदाता हरुलाई लक्षित गरी श्रम अधिकार तथा सुरक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,<br>• श्रम अधिकार तथा मर्यादित श्रमको बारेमा नियमित वहुपक्षीय संवाद गर्ने<br>• श्रम शोषण (समान कामको लागि समान ज्याला, न्यूनतम ज्यालाको सुनिश्चितता, सुरक्षित श्रम) तथा अधिकारसम्बन्धी समस्या सम्बोधनार्थ कानूनी व्यवस्था र प्रक्रियाको बारेमा न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने, | जोखिम महिला, अपाङ्गता, हिंसा पीडित महिला तथा विपन्न वर्ग | नगरपालिका उद्यम विकास शाखा रोजगार शाखा | UN Women UNFPA, ILO, | √ | √ | २ वर्ष भित्र | श्रम अधिकार तथा मर्यादित श्रमको विकास भएको<br>श्रम क्षेत्रमा लक्षित महिलाहरुको सशक्त भएको<br>न्यायिक समितिको क्षमता अभिवृद्धि भएको<br>मुद्दाको राम्रो सम्बोधन भएको |
| • महिलाले गर्ने घरायसी तथा स्याहारसम्बन्धी कामको आर्थिक मूल्यांकन (Economic Value) कार्यविधि निर्माण गर्ने, | महिला समुदाय | नगरपालिका | ILO | √ | | १ वर्ष भित्र | कार्यविधि निर्माण भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | रुपान्तरणका लागि "नगरपालिकाको सहयोग युवाको पौरख" | युवा युवती लाई स्वदेशमै स्वरोजगारमूलक कार्यमा प्रोत्साहन गर्न "नगरपालिकाको सहयोग युवाको पौरख" भन्ने नारासहित व्यावसायिक तथा प्राविधिक शिक्षा, उत्पादनमूलक शिक्षा, स्वरोजगारमूलक शिक्षा उपलब्ध गराई एक वडा एक उत्पादनको लागि व्यावसायिक युवा युवती समूह गठन गरी एक समूह एक नमुना उत्पादन र व्यवसायको लागि आर्थिक सहयोग गर्ने । | युवा युवती समावेशितामा आधारित | नगरपालिका वडा कार्यालय | ILO CTEVT | √ | | एक वर्ष भित्र | समूहको गठन भएको |
| | | • युवा समूहले गरेको नमुना उत्पादन र आविष्कार बजारीकरण गर्न सार्वजनिक तथा निजी संस्थाहरुसँग समन्वय र सहकार्य गर्न सहयोग गर्ने | व्यावसायिक युवा युवती समूह | नगरपालिका वडा कार्यालय | सार्वजनिक तथा निजी संस्थाहरु | √ | √ | निरन्तर | समन्वय तथा सहकार्य भएको |
| | | • व्यापार, मानव अधिकार र लैगिक समानताबिचको सम्बन्धको बारेमा नगरपालिका तथा प्रदेशस्तरीय व्यापारीहरुसँग अन्तरक्रिया गर्ने । | व्यावसायिक युवा युवती समूह | नगरपालिका लैससास शाखा | रोजगारी दिने संघसंस्था, निजी कम्पनी तथा व्यपारीहरु UN Agency | √ | √ | १ वर्ष भित्र | व्यावसायिक युवा युवती समूहव्यापार, मानव अधिकार र लैंगिक समानताबारे सचेत भएको |
